# नेपाल पत्रकार महासंघ
# Federation of Nepali Journalists (FNJ)
केन्द्रीय समिति,सञ्चारग्राम, काठमाडौं, नेपाल


मिति : २०७६।०१।०४

## शोक विज्ञप्ति

नेपाल पत्रकार महासंघका सदस्य तथा कामना न्यूज पब्लिकेसन्स प्रा. लि. का प्रधानसम्पादक वरिष्ठ पत्रकार पुष्करलाल श्रेष्ठको ६० वर्षको उमेरमा आज विहान ११:५९ बजे उपचारको क्रममा निधन भएको दु:खद् खवरले नेपाल पत्रकार महासंघ स्तब्ध र दु:खी भएको छ ।

करिव ५ महिनाअघि नाकमा समस्या आएपछि राजधानीस्थित ब्लुक्रस अस्पतालमा नाक र लगत्तै मृगौलाको पत्थरीको शल्यक्रिया गरिएका श्रेष्ठको स्वास्थ्यमा विभिन्न समस्या देखिएपछि भारतको मेदान्त अस्पताल हुँदै पछिल्लो समय काठमाडौंस्थित नर्भिक अस्पतालमा उपचार भैरहेको थियो ।

विक्रम सम्वत २०१६ सालमा काठमाडौंमा जन्मिएका श्रेष्ठ कामना ग्रुप अफ पब्लिकेसन्स, नेपाल मिडिया सोसाइटी, इन्टर नेसलन प्रेस इन्स्टिच्यूटअन्तर्गत नेपाल नेसनल कमिटीलगायतका संस्थाका संस्थापक अध्यक्ष हुनुहुन्थ्यो । उहाँले नेपाल प्रेस इन्स्टिच्यूट, इडिटर सोसाइटी नेपाल, नेपाल प्रेस क्लव, नेपाल सार्क जर्नालिष्ट फोरमलगातका संस्थामा कार्यकारी सदस्य भई काम गर्नुभएको थियो । २०६१ प्रेस काउन्सिल नेपालका सदस्य र २०५२ देखि २०५३ सालसम्म राष्ट्रिय समाचार समितिको सदस्य भई काम गरेका श्रेष्ठ लामो समयदेखि नेपाल समाचारपत्र दैनिकका प्रधानसम्पादक हुनुहुन्थ्यो ।

श्रेष्ठको निधनले नेपाली पत्रकारिता क्षेत्रले एक योग्य, अनुभवी, व्यावसायिक र सक्रिय पत्रकारलाई गुमाएको छ । उहाँले पत्रकारिता क्षेत्रमा पुऱ्याउनु भएको योगदानको नेपाली पत्रकारिता जगत्ले सदा स्मरण गरिरहनेछ ।

नेपाल पत्रकार महासंघ स्वर्गीय श्रेष्ठप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै दिवंगत आत्माको चिरशान्तिको कामना गर्दछ । साथै, शोकको यस घडीमा शोकसन्तप्त परिवारजनमा धैर्यधारणको कामना गर्दै गहिरो समवेदना प्रकट गर्दछ ।

रमेश विष्ट
महासचिव


Headquarters, Media Village, Kathmandu, Nepal
Phone : +977-1-4112763/4112673, Fax: +977-1-4112785, Email fnjnepalcentral@gmail.com, URL: www.fnjnepal.org